मधेश प्रदेश सरकार

# अर्थ मन्त्रालय

जनकपुरधाम, नेपाल

प. सं. : २०७९/८०
च. नं. ३३८

मितिः २०७९।१०।२३

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय,
श्री गृह तथा सञ्चार मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री खानेपानी तथा ऊर्जा विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री उद्योग, पर्यटन तथा वन मन्त्रालय,
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय,
श्री शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालय,
श्री महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,
श्री प्रदेश सभा सचिवालय,
श्री मुख्य न्यायाधिवक्ताको कार्यालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
मधेश प्रदेश, जनकपुरधाम ।

विषयः **खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा ।**

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा आपूर्ति श्रृङ्खलामा परेको प्रतिकुल प्रभावका कारण आर्थिक गतिविधिमा संकुचन हुन गई चालु आर्थिक वर्षमा लक्ष्य अनुसारको राजस्व संकलन हुन नसकेको, नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने आयमा समेत त्यसको प्रभाव पर्ने देखिएकोले सार्वजनिक खर्चलाई पुनःप्राथमिकीकरण गरी प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना तथा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान गर्ने योजना तथा कार्यक्रमका लागि स्रोत व्यवस्थापन गर्न, सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न तथा प्रदेश सरकारको वित्त सन्तुलन कायम गर्न प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकममा देहाय बमोजिम गर्ने गरी मिति २०७९।१०।२३ मा मा.मन्त्रीस्तरीय निर्णय भएकोले तहाँ मन्त्रालय/आयोग/सचिवालय/कार्यालय र मातहतका निकायहरुमा सोही बमोजिम गर्न/गराउन हुन अनुरोध छ ।

१. प्रदेश सरकारको सबै मन्त्रालय/सचिवालय/आयोग/कार्यालय/निकायहरुको स्वीकृत बजेटको देहायका खर्च शीर्षकमा विनियोजित बजेटमा खर्च भई बाँकी रहेको (दायित्व सिर्जना भई सकेको बाहेक) बजेट तत्काल लागु हुने गरी २० (बिस) प्रतिशत कटौती गरी तदनुरुप PLMBIS मा प्रविष्टी संशोधन गर्ने साथै आवश्यकतानुसार कट्टा गरिएका शीर्षकमा भएको शुरु विनियोजन र स्वीकृत कार्यक्रम/क्रियाकलापको

मधेश प्रदेश सरकार
# अर्थ मन्त्रालय
जनकपुरधाम, नेपाल

प. सं. : २०७९/८०
च. नं. ३३८

परिमाण र तदनुरुपको रकमको समायोजन प्रस्ताव सम्बन्धीत मन्त्रालयले तयार गरी अर्थ मन्त्रालयमा पेश गर्ने ।

| ख.सं.नं. | खर्च शीर्षक | ख.सं.नं. | खर्च शीर्षक |
|---|---|---|---|
| २११३९ | अन्य भत्ता | २२५११ | कर्मचारी तालिम खर्च (तालिम केन्द्र र प्रतिष्ठानबाट सञ्चालन हुने बाहेक मात्र) |
| २२२११ | इन्धन् (पदाधिकारी) | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २२५२२ | कार्यक्रम खर्च |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२५२९ | विविध कार्यक्रम खर्च |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२६११ | अनुगमन, मूल्यांकन खर्च |
| २२२९१ | अन्य सम्पत्तिहरुको सञ्चालन तथा सम्भार खर्च | २२६१२ | भ्रमण खर्च |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | २२६१९ | अन्य भ्रमण खर्च |
| २२३१४ | इन्धन — अन्य प्रयोजन | २२७११ | विविध खर्च |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३११२२ | मेशिनरी तथा औजार |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ३११२३ | फर्निचर तथा फिक्चर्स |
| २२४११ | सेवा र परामर्श खर्च | ३११३५ | पूँजीगत परामर्श |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च |
| | | ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण |


URL: www.mof.madhesh..gov.np फोन नं. ०४१-५२१५९८, ५२३०२८, ५२७४४६ Email: info.moeap@p2.gov.np

**मधेश प्रदेश सरकार**

# अर्थ मन्त्रालय

**जनकपुरधाम, नेपाल**

**प. सं. : २०७९/८०**
**च. नं. ३३८**

२. प्रदेश सरकारको स्रोतमा प्रदेश सरकारको प्रतिनिधित्व गरी अनिवार्य रुपमा सहभागी हुने कार्यक्रमका लागि वैदेशिक भ्रमण गर्नुपर्दा अर्थ मन्त्रालयको स्वीकृति अनिवार्य रुपमा लिने ।

३. अर्थ मन्त्रालयको सहमति नलिई कुनै निकाय र स्तरबाट थप दायित्व पर्ने कुनै निर्णय नगर्ने ।

४. चालु आर्थिक वर्षका लागि चालु खर्च तर्फ स्वीकृत बजेट तथा कार्यक्रमभित्र परेका कार्यक्रमको परिमाण र लक्ष्य कम हुने गरी हाललाई रकमान्तर नगर्ने ।

५. निर्मित भवनको संरचनात्मक सुधार खर्च (ख.सं.नं. ३११६१) र पूर्जीगत सुधार खर्च सार्वजनिक निर्माण (ख.सं.नं. ३११७१) हाललाई स्थगत/रोक्का गर्ने । खर्च गर्न आवश्यक परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिई मात्र गर्ने ।

६. चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र परेका तर खरिद प्रक्रिया प्रारम्भ भईनसकेका आयोजना तथा कार्यक्रम (पूर्व सहमति प्रदान गरिएका एवम् क्रमागत आयोजना तथा कार्यक्रम बाहेक) को हकमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति/सहमतिमा मात्र खरिद प्रक्रिया अगाडि बढाउने ।

७. अर्थ मन्त्रालयको पूर्व स्वीकृति बिना कुनै प्रकारको नयाँ दरबन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) नगर्ने, नयाँ दरबन्दी थप नगर्ने । चालु आर्थिक वर्षमा कुनै पनि थप नयाँ संगठन स्थापना नगर्ने ।

८. सबै प्रकारका गोष्ठी, सेमिनार र कार्यशाला हाललाई स्थगन गर्ने ।

९. फर्निचर र नयाँ सवारी साधन खरिद शिर्षकमा विनियोजित रकम खर्च नगर्ने गरी हाललाई रोक्का राख्ने । खर्च गर्न आवश्यक परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृती लिई मात्र गर्ने ।

१०. कार्यक्रम खर्च (ख.सं.नं. २२५२२) र विविध कार्यक्रम खर्च (ख.सं.नं. २२५२९) अन्तर्गत विनियोजन भएका तर शुरुवात नभएका कार्यक्रम रोक्का गर्ने ।

११. चालु आर्थिक वर्षमा नै भुक्तानी दिने गरी थप दायित्व सिर्जना नगर्ने ।

१२. सामान्यतया आर्थिक सहायता प्रदान नगर्ने। गर्नैपर्ने अवस्था सिर्जना भएमा स्वीकृत मापदण्ड बमोजिम अर्थ मन्त्रालयको पूर्व सहमति लिने ।

१३. प्रदेश सरकार अन्तर्गतका सबै विश्वविद्यालय, प्रतिष्ठान, प्राधिकरण, समिति, नियामक निकाय, बोर्ड लगायत सबै निकायहरुमा समेत उपरोक्त व्यहोरा लागु गर्ने ।

..............................
(अजय कुमार लाल कर्ण)
उपसचिव